नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

CDS and Clearing Limited

पत्र संख्या : २०७५/७६ – ११
चलानी नं. : ३४९

# प्रेस विज्ञप्ति

मिति २०७५/०९/२५ गते सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आ.व. २०७४/७५ को आठौं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ को दफा ७४ अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूले गर्नु भएको थियो । सभामा लेखा परीक्षकले प्रमाणित गरेको आर्थिक प्रतिवेदन तथा प्रस्तावित विषयबस्तु माथि विस्तृत छलफल भई सो को पारित गरिएको छ ।

सभामा प्रगति विवरण पेश हुँदा मिति २०७४ फाल्गुण ११ गतेदेखि Centralized Application for ASBA Based Issuance (सि-आस्बा) प्रणालीको अनिवार्य कार्यान्वयन भएलगतै नेपालको पूँजीबजारको इतिहासमा पहिलो पटक सार्वजनिक निष्काशन बन्द भएको ३७ घण्टाभित्र यस लि. ले शेयर बाँडफाँट गर्न सफल भएको छ । सि-आस्बा प्रणालीमा आवद्ध भएका ६४ वटा बैंक तथा वित्तीय संस्था मार्फत् सिआरएन नम्बर लिने लगानीकर्ताहरुको संख्या ७ लाख ६६ हजार ५ सय ४८ जना रहेको छ । सो संख्या समीक्षा अवधिसम्म ७ लाख ७१ हजार ८ सय ८० जना रहेको छ । त्यसैगरी ५७ वटा कम्पनीहरुले सि-आस्बा प्रणाली मार्फत् शेयर निष्काशन तथा बाँडफाँट गरेका छन् । हितग्राहीलाई आफ्नो विवरण कागजरहित उपलब्ध गराउन तथा निजहरुको खातामा अनाधिकृत कारोबारको जोखिमलाई हटाउनका लागि आफ्नो खातामा भएको कारोबारको विवरण अनलाइन मार्फत् उपलब्ध गराउन सिडिएससिले तयार गरेको नयाँ Applications "मेरो शेयर" प्रयोग गर्ने निक्षेप सदस्यको संख्या ६५ पुगेको छ भने समिक्षा अवधिसम्म सो को प्रयोगकर्ताहरुको संख्या ३ लाख ९८ हजार ३ सय ८८ जना रहेको छ ।

धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीहरुको संख्या आर्थिक वर्ष २०७४/७५ मा १७ वटा रहेको छ भने सो संख्या अघिल्लो आर्थिक वर्ष २०७३/७४ मा २३ वटा रहेको थियो । समीक्षा अवधिसम्म दर्ता कम्पनीहरुको संख्या कूल १९५ वटा रहेको छ । आ.व. २०७४/७५ मा थप ८ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरेको छ भने आ.व. २०७३/७४ मा ४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको थियो । समीक्षा अवधिसम्म कूल निक्षेप सदस्यहरुको संख्या ६९ वटा पुगेको छ । साथै उक्त निक्षेप सदस्यहरुको संजाल मुलुकभरका कूल ७७ वटा जिल्लाहरुमा विस्तार गरी केन्द्रीय निक्षेप सेवा प्रदान गर्दै आएको छ । त्यसैगरी आ.व. २०७४/७५ मा जम्मा ४ लाख २१ हजार ५ सय २३ वटा हितग्राही खाता खोलिएको छ भने सो संख्या गत आ.व. मा ४ लाख ८० हजार ८ सय ७६ वटा रहेको थियो । समिक्षा अवधिसम्म कूल हितग्राही खाताको संख्या १४ लाख २६ हजार ८ सय ५१ वटा रहेको छ । आ.व. २०७४/७५ मा १ अर्ब २० करोड ८५ लाख ८२ हजार २ सय कित्ता धितोपत्र अभौतिकीकरण भएको छ भने सो को संख्या अघिल्लो आर्थिक वर्षमा १ अर्ब ५ करोड ९४ लाख ६३ हजार २ सय ९९ कित्ता रहेको थियो । समीक्षा अवधिसम्म अभौतिकीकरण भएको धितोपत्रको सख्या ४ अर्ब .२ करोड ७२ लाख ८५ हजार ५ सय ७७ कित्ता रहेको छ ।

नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कम्पनीले आ.व.२०७३/७४ मा रु.१५ करोड २१ लाख ७७ हजार ७ सय २७ रुपैयाँ आम्दानी गरिएकोमा आ.व.२०७४/७५ मा रु. १८ करोड ४५ लाख ५२ हजार ६ सय ४३ रुपैयाँ आर्जन गर्न सफल भएको छ । यस आ.व.मा आम्दानी गत आर्थिक वर्षको तुलनामा २१.२७ प्रतिशतले

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७५/७६ – ११
चलानी नं. : ३४९

वृद्धि भएको छ । त्यसैगरी खर्च तर्फ आ.व. २०७३/७४ मा रु. ७ करोड ८७ लाख ३७ हजार ४५ रुपैयाँ खर्च भएकोमा आ.व. २०७४/७५ मा रु. ५ करोड ३७ लाख ५४ हजार ५ सय ३७ रुपैयाँ खर्च भएको छ । यस आ.व.२०७४/७५ मा कम्पनीको खर्च गत आ.व.२०७३/७४ को भन्दा ३१.७३ प्रतिशतल कम भएको छ ।

त्यसैगरी कम्पनीको कर योग्य आय रु.१२ करोड ५८ लाख ८५ हजार मा नियमानुसार लाग्ने कर ३ करोड १४ लाख ७१ हजार भुक्तानी भएको छ । स्थगन कर खर्च तथा अन्य सम्पत्तिको उचित मूल्य (Fair Value) मूल्याङ्कन नाफा/(नोक्सान) समायोजन पश्चात आ.व.२०७४/७५ मा खुद नाफा रु.८ करोड ८३ लाख ७२ हजार ९१ रुपैयाँ रहेको छ । कम्पनीले आ.व.२०७४/७५ मा संचित मुनाफा आर्जन गर्न सफल भएकोले शेयरधनीलाई चुक्ता पूँजीको २० प्रतिशत नगद लाभांश (रु. छ करोड मात्र) दिने प्रस्ताव समेत सभाबाट पारित भएको छ ।

मिति : २०७५/०९/२५

CDS and Clearing Ltd

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com